
# हाम्रो बनेपा हाम्रो गौरब

## आधारभूत तह (कक्षा १-३) स्थानीय पाठ्यक्रम,२०७७




**बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक**

## प्राक्कथन

स्थानीय पाठ्यक्रमले स्थानीय ज्ञान, सीप तथा प्रविधिको प्रवर्धन गरी विश्वव्यापी ज्ञान,सीप तथा प्रविधिलाई स्थानीय ज्ञान, सीप तथा प्रविधिसंग जोड्न सहयोग गर्दछ । यसै सन्दर्भमा बनेपा नगरपालिकाले बनेपा नगरवासीको माग र सिकारुको आवश्यकताका आधारमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गरिएको हो । छैठौं बनेपा नगरपालिको नगरसभाबाट **हाम्रो बनेपा हाम्रो गौरब स्थानीय पाठ्यक्रमको** विकास गर्ने नीतिगत व्यवस्था गरी पाठ्यकम विकास तथा कार्यान्वयन गरिएको हो । राष्ट्रिय पाठ्यक्रमक आधारभूत तह (कक्षा १-३) को संरचनामा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० कार्यघण्टाको स्थानीय पाठ्यकम स्थानीय सरकारले निर्माण तथा कार्यान्वयन गर्न पाउने व्यवस्था अनुसार स्थानीय विषयवस्तुहरु समावेश गरेर हाम्रो बनेपा हाम्रो गौरव विषयमा स्थानीय पाठ्यकम विकास गरिएको हो । यसमा स्थानीय ज्ञान, सिप, प्रविधि, प्राकृतिक स्रोत , विपद् व्यवस्थापन, व्यवसाय, संस्कार र संस्कृति, नैतिक मूल्य मान्यता मुख्य विषयक्षेत्रहरु समावेश गरिएका छन् ।

यो पाठ्यकम विकास गर्दा अन्य पालिकाहरुको अभ्यासहरु तथा अन्य क्षेत्रको अनुभव, वर्तमान नीतिगत व्यवस्थाहरु तथा स्थानीय पेसा, व्यवसाय, प्रविधि प्रयोगको अवस्थासमेत अध्ययन गरिएको थियो । स्थानीय पाठ्यकम विकास मागदर्शन, २०७६ ले स्थानीय पाठ्यकम विकासका लागि तोकेको प्रकिया तथा ढाँचा प्रयोग गरिएको छ । पाठ्यक्रम विकासका कममा स्थानीय जनप्रतिनिधिहरु, नगर शिक्षा समिति, स्थानीय बुद्धिजीवीहरु, विज्ञ, शिक्षक, सरकारी तथा गैससकाका प्रतिनिधिहरु, अभिभावक, विद्यार्थीहरु लगायतका सरोकारवालाहरुको छलफलबाट पाठ्यकमका विषयवस्तुहरुको आवश्यकता पहिचान गरिएको थियो यसै गरी बनेपा नगरपालिका उपप्रमुखको अध्यक्षतामा वडाध्यक्षहरु, शिक्षकहरु,स्थानीयस्तर विज्ञहरु सम्मिलित स्थानीय पाठ्यकम निर्माण समिति गठन गएिको थियो । यस समितिले पाठ्यकम विकास गर्न तथा विकास गरिएको पाठ्यकमका विषयवस्तुमा पृष्ठपोषण लिन विद्यालय तह, वडातह तथा पालिका तहमा विभिन्न कार्यशालाहरु आयोजना गरिएका थिए । विषय समितिबाट कक्षागत पाठयकमका सक्षमता/उदेश्यहरु, विषयक्षेत्र तथा कम, शिक्षणसिकाइ विधि तथा मूल्याङ्कन विधि विचको अन्तरसम्बन्ध विश्लेषण गरी कक्षागत संगती कायम गारिएको छ । स्थानीय पाठ्यकम निर्माण कार्यदलबाट तयार गरिएको पाठ्यकम नगरकार्यपालिकाबाट अनुमोदन गरिएको थियो । स्थानीय विषयको पठनपाठन सुनिश्चित गर्ने दायित्व पनि स्थानीय तहको सहयोगमा विद्यालय हुनेछ । यसको पठनपाठनको भाषा नेपाली वा मातृभाषा हुनेछ । यो पाठ्यकम शैक्षिक सत्र २०७७ देखि कक्षा १ र ८ मा कार्यान्वयन गरिनेछ । वि.स. २०७९ सम्म हाम्रो बनेपा हाम्रो गौरब पाठ्यकम कक्षा १-८ सम्म लागू गरिनेछ । पाठ्यकम कार्यान्वयनलाई थप प्रभावकारी बनाउन पाठ्यपुस्तक वा स्रोतसामग्री विकास गरिनेछ ।

अन्त्यमा हाम्रो बनेपा हाम्रो गौरव पाठ्यकम विकासमा सहयोग पुर्‍याउने स्थानीय पाठ्यकम निर्माण समितिका पदाधिकारीहरु, विज्ञ, शिक्षाविद्, शिक्षकहरु, विधार्थी अन्य सरोकारवालाहरु सवैलाई धन्यावद दिन चाहान्छौ । आगामी दिन यो पाठ्यकमले स्थानीय ज्ञान, सीप, प्रविधि तथा व्यवसायहरुको विकासमा टेवा पुग्ने विकास लिएका छौ । आगामी संस्करणका लागि सरोकारवालाहरुबाट रचनात्मक सुझावको अपेक्षा गर्दछौ ।

बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक

विषय सूची


| सि.न. | विषय | पेज नं. |
|---|---|---|
| १ | परिचय | १ |
| २ | सक्षमताहरु | १ |
| ३ | कक्षागत सिकाइ उपलब्धि | २ |
| ४ | विषयक्षेत्र तथा क्रम | ५ |
| ५ | विषयवस्तु विस्तृतीकरण | ६ |
| ६ | शिक्षण सिकाइ विधि | १९ |
| ७ | मूल्याङ्कन विधि | २० |
| ८ | कार्यान्वयन अवधि | २० |

## १. परिचय

स्थानीय पाठ्यक्रम स्थानीय परिवेश, आवश्यकता , व्यक्तिको आवश्यकता अनुसार निर्माण तथा कार्यान्वयन गरिन्छ । हाम्रो बनेपा हाम्रो गौरव स्थानीय पाठ्यक्रम बनेपाको भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक पक्षहरुको विश्लेषणका गरी विकास गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ तथा आधारभूत तह (कक्षा १-३) पाठ्यक्रम, २०७५ को संरचनाले व्यवस्था गरे बमोजिम स्थानीय विषयको हाम्रो बनेपा हाम्रो गौरव स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न लागिएको हो । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने, विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन र उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरणको प्रावधानले बनेपा नगरपालिकालाई स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन कानूनी अधिकार प्रदान गरेको छ ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ मा उल्लेखित प्रक्रियाहरु अवलम्वन गरी **"हाम्रो बनेपा हाम्रो गौरव"** आधारभूत तह (कक्षा १–३) स्थानीय पाठ्यक्रम, २०७७ तयार गरिएको हो । यस पाठ्यक्रममा बनेपा नगरपालिका परिचय, प्राकृतिक स्रोत, सम्पदा, संस्कार र संस्कृति, स्थानीय पेसा,उद्यमशीलता र प्रविधि, स्वास्थ्य, सरसफाइ तथा खेलकुद, विपद्, बातावरण, दिगो विकासलाई मुख्य विषयक्षेत्रहरुका रुपमा समावेश गरिएका छन् । पाठ्यक्रमले तहगत, कक्षागत सक्षमता, सिकाइ उपलब्धि, विषयक्षेत्र र क्रम, विषयविस्तृतीकरण र शिक्षण विधि तथा मूल्याङ्कन प्रक्रिया समावेश गरेको छ। विद्यार्थीको पूर्व सिकाइ अनुभव, पृष्ठभूमि, रुचि र क्षमता आधारमा शिक्षणसिकाइ प्रकृया संचालन गरिनेछ । विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धिहरूको मूल्याङ्कनको आधार निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग गरिनेछ ।

## २. सक्षमता

बनेपा नगरपालिकाभित्रका आधारभूत तह (कक्षा १-३)का विद्यालयका अध्यापन गराउनका लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रमको अपेक्षित सक्षमता निम्नानुसार छन् :

क) बनेपा नगरपालिकाको ऐतिहासिक परिचय, भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाति, भूमिका तथा कार्यहरुको विवरण प्रस्तुति

ख) वन जङ्गल, जडीबुटी, नदी, ताल, कुवा, पानीका स्रोत, ढुङ्गेधारा, डाँडाकाँडा, खानीलगायका प्राकृतिक स्रोत र सम्पदाको संरक्षण र संवर्धनमा सहभागिता

ग) जातजाति, मठ, मन्दिर, चैत्य, विहार, गुम्बा, जात्रा, पर्व, मेला, आनीबानी, मूल्यमान्यता, भाषा र वेषभूषा, गीत, सङ्गीतको पहिचान र अनुसरण

घ) बनेपा नगरपालिकाभित्र संस्कार तथा संस्कृतिको संरक्षण र प्रवर्धन

ङ)  स्थानीय तहमा अपनाइने पेसा, उद्यमशीलता,व्यापार र प्रविधिको प्रवर्तनात्मक उपयोग

च) सरसफाइ, भोजन, व्यायाम, योग, प्राणायाम, ध्यान, स्थानीय खेलहरूको परिचय र अभ्यास

छ) प्रकोप र वातावरणको संरक्षणप्रति सजक, दिगो विकासको परिचय र हरित विद्यालय अवधारणाको अवलम्बन

## ३. कक्षागत सिकाइ उपलब्धि

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्यघण्टा |
|---|---|---|---|---|
| बनेपा नगरपालिका परिचय | • आफू र साथीको टोल र वडाको परिचय बताउन<br>• परिवारका सदस्यहरुको नाम र नाता परिचय बताउन<br>• आफ्नो र आफ्नो छिमेकी वडा कार्यालयको नाम र नम्बर बताउन<br>• .आफ्नो वडाको अस्पताल, मन्दिर र विद्यालयको नाम बताउन<br>• मेरो नगर बनेपाको परिचय बताउन | बनेपाको नक्सामा वडा संख्या र मेरो वडाको नाम बताउन, वडाको साँध सिमना बताउन | • ट्रेस पेपर प्रयोग गरेर बनेपाको नक्सा कोर्ने अभ्यास लगाउन<br>• बनेपाको नक्सा कोर्न अभ्यास लगाउन<br>• वडाहरुको विशेषताहरु बताउन । | २६ |
| प्राकृतिक स्रोत र सम्पदा | • बनेपा नगरको जमिनको अवस्था बताउन<br>• पानीको स्रोत, पानीको प्रयोग, पानी प्रदुषणका कारण, सफा राख्ने तरिका बताउन<br>• हावा र हावाको महत्व वा आवश्यकता बताउन<br>• वनजङ्गल आवश्यकता महत्व र संरक्षण गर्ने तरिका बताउन | • प्राकृतिक सम्पदाहरूको पहिचान बताउन<br>• साँस्कृतिक सम्पदाको परिचय बताउन<br>• स्थानीय सम्पदाको संरक्षणहरूका उपायहरु खोजी गर्न | • वन, जल श्रोतको परिचय तथा महत्व बताउन<br>• आफ्नो वरपरका जलस्रोतको खोजी गरी अवस्था बताउन<br>• आफ्नो वरपरको वनको अवस्था बताउन<br>• आफू बसेको वडाको सम्पदा संरक्षण तरिका बताउन | २६ |

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्यघण्टा |
|---|---|---|---|---|
| संस्कार र संस्कृति | • घरमा आदर तथा सत्कारको परिचय दिन<br>• पाहुनाको आदर तथा सत्कारको परिचय तथा अभ्यास<br>• विद्यालय तथा साथीलाई अभिवादन तथा सत्कारको अभ्यास<br>• आफ्नो मनाइने चाडपर्वको नाम बताउन | • आफू वसेको समाजको संस्कृतिको परिचय बताउन<br>• मेरो वडामा मनाइने जात्राहरुको परिचय बताउन<br>• स्थानीय बाजाको परिचय बताउन | • लोक वाजाहरुको परिचय बताउन<br>• लोक वाजाहरुको बर्गिकरण तथा महत्व बताउन | २६ |
| स्थानीय पेसा उद्यशीलता र प्रविधि | • आफ्नो घर तथा छिमेकीले गर्ने पेशाहरुको परिचय बताउन<br>• स्थानीय परम्परागत पेशाको नाम बताउन | • मेरो परिवारको पेसाको परिचय र महत्व बताउन<br>• समाजको परम्परागत व्यवसायको वारेमा अनुभव आदान प्रदान<br>• स्थानीय व्यापारको परिचय तथा महत्व बताउन<br>• स्थानीय उद्योगको परिचय तथा प्रकार बताउन | • स्थानीय उधमशीलताको परिचय र महत्व बताउन<br>• स्थानीय प्रविधिको परिचय तथा महत्व बताउन | २६ |
| स्वास्थ्य, सरसफाइ र खेलकुद | • आफ्नो शरीरका अंगहरु नाम र सरसफाइको अवस्था बताउन<br>• आफ्नो शरीरका विभिन्न अंगहरुको सफाइको अभ्यास<br>• आफनो घर आगनको सफाइ परिचय तथा सफाइमा प्रयोग हुने सामानहरुको नाम बताउन | • विद्यालयको सरसफाइ तरिका तथा अभ्यास<br>• शौचालयको प्रयोग र सरसफाइको परिचय बताउन<br>• सार्वजनिक स्थलको सरसफाइ तरिका बताउन | • व्यक्तिगत सरसफाइ परिचय र महत्व बताउन<br>• व्यक्तिगत सरसफाइको अभ्यास तथा आवश्यक सामग्रीहरुको सूची बताउन | २६ |

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्यघण्टा |
|---|---|---|---|---|
| | | | • विद्यालयमा स्वास्थ्य, सरसफाइको परिचय तथा महत्व बताउन<br>• विद्यालयमा स्वास्थ्य, सरसफाइको सामग्रीहरूको परिचय, प्रयोग, संरक्षणको अभ्यास | |
| विपद्, वातावरण, दीगो विकास र हरित विद्यालय | • आफू बसेको टोल वा स्थानको तापक्रम र मौसमको परिचय तथा मौसमको अवस्था बताउन<br>• मौसम चिन्न तथा मौसम अनुसार को पोषक तथा  सामानको नाम बताउन र लेख्न | • बनेपाको हावापानीको विशेषता बताउन<br>• करेसाबारीको परिचय र महत्त्व बताउन | • विपद्को परिचय र प्रकार बताउन<br>• विपद्का सुरक्षाका उपायहरु खोजी गर्न<br>• हाम्रो वातावरणको परिचय, महत्व र संरक्षण तरिका बताउन । | ३० |

४. विषयक्षेत्र र क्रम

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| बनेपा नगरपालिका परिचय | आफू वसेको वडाको नाम र परिचय | बनेपाको नक्सामा वडाहरुका साँध सिमाना तथा नक्सामा वडाहरु नम्वर भर्न | बनेपाको नक्सा कोर्न तथा वडाका भौगोलिक विशेषताहरु |
| प्राकृतिक स्रोत र सम्पदा | आफ्नो वरपरको प्राकृतिक स्रोतको परिचय | आफू वसेको वडामा रहेको प्राकृतिक स्रोतहरुका प्रकार तथा सम्पदाको परिचय | • वन, जल श्रोतको परिचय तथा महत्व<br>• आफू बसेको वडाको सम्पदा संरक्षण |
| संस्कार र संस्कृति | घर परिवारमा गरिने आदर सत्कार तथा सम्मानका तरिका र अभ्यास | वडागत चाड पर्व तथा जात्राहरुको परिचय | लोक वाजाहरुको बर्गिकरण तथा महत्व |
| स्थानीय पेसा उद्यशीलता र प्रविधि | स्थानीय र परम्परागत पेसा परिचय | स्थानीय पेसाको नाम तथा महत्व | • स्थानीय उधमशीलताको परिचय ,महत्व<br>• स्थानीय प्रविधिको(जातो,ढिकी,कोल) परिचय तथा महत्व |
| स्वास्थ्य, सरसफाइ र खेलकुद | आफ्नो शरीरको अङ्गहरु सरसफाइको परिचय घरको सरसफाइको परिचय | विद्यालय तथा सार्वजनिक स्थलको सरसफाइ गर्ने तरिका र अभ्यास | व्यक्तिगत तथा विद्यालयमा स्वास्थ्य, सरसफाइ सामग्रीहरूको परिचय, प्रयोग, महत्व, संरक्षण |
| विपद्, वातावरण, दिगो विकास र हरित विद्यालय | आफु वसेको ठाउँको हावापानीको परिचय | • आफु वसेको स्थानको हावापानीको विशेषता तथा व्यवहार<br>• करेसावारीको परिचय, आवश्यकता र महत्व | • विपदको परिचय, प्रकार, सुरक्षाका उपायहरु<br>• हाम्रो वातावरणको परिचय ,महत्व र संरक्षण |

**५.विषयवस्तु विस्तृतीकरण**

कक्षागत रुपमा  विषयवस्तु विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**कक्षा १**

| **क्षेत्र/एकाइ** | **विषयवस्तु** | **विषयवस्तुको विस्तृतिकरण** | **शिक्षण सिकाइ क्रियाकलाप** | **मूल्याङ्कन  प्रश्न** |
|---|---|---|---|---|
| १. बनेपा नगरपालिकाको परिचय | • आफु बसेको वडाको बारेमा परिचय<br>• बनेपा नगरका वडा परिचय तथा मुख्य कुराहरु पहिचान | १. आफू बसेको टोलको नाम र वडा नं.   परिचय<br>२. आफू र आफ्नो परिवारको परिचय<br>३.आफू र साथीको विद्यालयको नाम र वडा परिचय<br>४. बनेपा नगरको परिचय तथा नक्शा हेरी आफ्नो वडा चिनी रङ भर्ने अभ्यास | १. व्यक्तिको चित्र वा फोटो देखाउने व्यक्ति चिन्न लगाउने<br>२. परिवारको चित्र वा फोटो देखाएर परिवारको परिचय गराउन प्रश्न सोधेर छलफल गराउने<br>३. आफ्नो परिवारका सदस्यको फोटो टाँस्न लगाउने<br>४. आफ्नो वडामा भएका कार्यालयको चित्र देखाइ नाम  बताउन लगाउने<br>५. आफ्नो छिमेकी वडाहरुको वडा नम्बर बताउन लगाउने गीत गाउन लगाउने<br>६. घर, विद्यालयको चित्र छलफल गराउने<br>७. गुँड,दुलो, विद्यालय, दक्षुटोल, कोबाहल, इटपू स्थानको परिचय गर्न लगाउने<br>८. चित्र बनाएर रङ भर्न लगाउने<br>९. आफ्नो साथीको नाम र बस्ने ठाउँ पत्ता लगाउने<br>१०. बनेपा नगरपालिकाको नक्सामा वडाको परिचय गर्न लगाउने ।<br>११ बनेपामा रहेको अस्पतालको चित्र देखाएर नाम भन्न लगाउने | १. तपाईको नाम के हो ? तपाईको टोलको नाम के हो ?तपाइँको परिवारमा को को हुनुहुन्छ? तपाइँको वडा कार्यालय कहाँ छ ?<br>२. तपाइँको छिमेकी वडा कुन कुन हुन्?<br>३. तपाईको विद्यालय कति नम्बर वडामा पर्छ ?<br>४. तपाईको साथीको घर कहाँ हो ?<br>५. बनेपा नगरपालिकामा कति वटा वडा छन् ? |
| २. प्राकृतिक स्रोत र सम्पदा | आफ्नो वरपरको प्राकृतिक स्रोतको परिचय | १. बनेपा नगरको अग्लो, होचो, सम्म, भिरालो जमिनको परिचय<br>२. पानी स्रोत, पानीको प्रयोगको परिचय | १. बनेपा नगरको चित्र देखाउदै जमिनको अवस्था वारेमा छलफल गर्न लगाउने र जमिनको प्रयोगसम्वन्धि क्रियाकलापमा दिइएको चित्रमा छलफल गराउने | १. तपाई कहाँको पानी खनुहुन्छ ? पानी के के कामका लागि प्रयोग गरिन्छ ? |

| | | | | |
|---|---|---|---|---|
| | | ३. हावा र हावाको महत्व वा आवश्यकता<br>४. वनजङ्गलको आवश्यकता वा महत्व तथा संरक्षणको तरिका | २. अग्लो, होचो, सम्म, भिरालो जमिनको परिचय दिन लगाउने<br>३. इनार, खोला, धारा कुवा, पोखरीको परिचय दिन गीत गाउन लगाउने र  चित्र छलफल गराउन<br>४ पानीको प्रयोगको वारेमा छलफल गर्न लगाउने<br>५. पानी प्रदूषण सफा हुने अवस्थाका चित्र आदि छलफल गराउन र कथा सुनाउने,<br>६.हावाका वारेमा कथा भन्न तथा सुन्न लगाउने<br>७.वनजङ्गल चित्र छलफल गर्न लगाउने<br>८. रुख काटेको आगलागि भएको विरुवा रोपेको वारेमा चित्र बर्णन गर्न लगाउने<br>९ आफ्नो घर वा विद्यालय वरपर विरुवा रोप्न लगाउने | २. श्वास फेर्न के चाहिन्छ ? हावा किन दु:खी छ ? हावाले तपाईलाई के भनेको छ ?<br>३. पानीको स्रोतलाई केले जोगाउँछ ?वनजङ्गलमा आगो लाग्दा के के हुन्छ ? पहिरो कसरी जादौं रहेछ ? |
| ३. संस्कार र संस्कृति | घर परिवारमा गरिने आदर सत्कार तथा सम्मानका तरिका र अभ्यास | १. आफुभन्दा सानालाई माया र ठुलालाई आदर अभ्यास<br>२.आफ्ना घरमा आएका पाहुनाको सत्कार तरिका<br>३. आफ्नो घरमा मनाइने चाडपर्वको नाम, खाइने खानेकुराको परिचय | १.आदर सत्कार तथा सम्मानका तरिकासम्बन्धी गीत गाउन लगाउने<br>२. आदर सत्कार तथा सम्मानका तरिकासम्बन्धी चित्र छलफल गराउने<br>३. सम्मानका तरिकासम्बन्धी अभिनय गराउने<br>४.सम्मानका तरिकासम्बन्धीपाठको संवाद पढेर सुनाउने<br>५. पाहुनाको सत्कार गरेको चित्र छलफल गराउने<br>६. विभिन्न चाडपर्व र खाइने खानेकुराको चित्रमा  छलफल गराउने<br>७. आफ्नो समुदायमा गरिने आदरका तरिकाको अभिनय गर्न लगाउने (परियोजना कार्य) | १. तपाईलाई कसकसले माया गर्नुहुन्छ ? तपाई गुरुलाई भेट्दा के गर्नुहुन्छ ?<br>२. तपाईको घरमा को को आउनुहुन्छ ?<br>३. पाहुना कसलाई भनिन्छ ?<br>४. पाहुना आउँदा तपाई के गर्नुहुन्छ ?<br>५. नेपालीहरुको महान चाड कुन हो ?<br>६. तपाई तिहारमा के के खानुहुन्छ<br>७. बनेपाका नेवारहरुको प्रमुख चाड कुन हो ?<br>८. तीजमा कसको पूजा गरिन्छ ? |

| | | | | |
|---|---|---|---|---|
| ४. स्थानीय पेशा उद्यमशीलता र प्रविधि | स्थानीय परम्परागत पेसा परिचय | १. आफ्नो घर तथा छिमेकमा गरिने काम, पेशाको परिचय<br>२. स्थानीय परम्परागत पेशाको परिचय<br>३. आफनो घर आगनको सफाइको परिचय | १. तपाई घरको परिवारको सदस्यहरुको कामका वारेमा चित्रहरु प्रर्दशन तथा छलफल गर्न लगाउने<br>२. पाठमा दिइएको वाक्यांश पढेर सुनाउने<br>३. पेशा सम्बन्धि अभिनय गराउने<br>४. विभिन्न पेशा सम्बन्धि चित्र छलफल तथा गीत गाउन लगाउने<br>५ पसले,शिक्षक,डाक्टर... अभिनय गर्न लगाउने<br>६. स्थानीय परम्परागत पेशासंग सम्बन्धित चित्र छलफल गर्ने, कठिन शब्द उच्चारण गर्न लगाउने, गीत गाउन लगाउने<br>७. आफ्नो घरमा भएका परम्परागत सामानहरुको सूची तयार गर्न परियोजना कार्य दिन कार्य गर्न लगाउने । | १. तपाईको बुवा, आमा के काम गर्नुहुन्छ ? तपाईको छिमेकीहरु के के काम गर्नुहुन्छ ?<br>२.शिक्षण पेसाका वारे लेख ।<br>३. हामी विमारी भयो भने हाम्रो उपचार खटिने व्यक्तिको नाम लेख्नुहोस् । |
| ५. स्वास्थ्य सरसफाइ र खेलकुद | आफ्नो शरीरको अंगहरु सरसफाइको परिचय, घरको सरसफाइको परिचय | १. आफ्नो शरीरका अंगहरुको परिचय<br>२. आफ्नो शरीरका विभिन्न अंगहरुको सफाइ अभ्यास | १. प्रत्यक्ष शरीर देखाएर अंगको नाम भन्न लगाउने<br>२. मानव शरीरको चित्रको वारेमा छलफल गराउने<br>३. शरीरका अंग (आखाँ, नाक, कान, जिब्रो, छाला.. आदि) को सरसफाइको तरिकाका वारेमा छलफल गर्न लगाउने जस्तै हात धुने तरिका तल अनुसार गर्न लगाउने<br>१. शिक्षकले हात धुने आठ तरिका प्रयोग गरेर देखाउने<br>२ विद्यार्थीहरुलाई पालैपालो हात धुन लगाउने<br>४. शरीरका अन्य अंगहरुको सरसफाइको अभ्यास गर्न लगाउने<br>५. सफा र फोहोर घर आँगनको चित्र छलफल गराउने | १. आफ्नो शरीरका अंगहरु देखाउँदै नाम भन्न लगाउने<br>२. तपाई दातँ केले माझ्नु हुन्छ ? नङ काट्ने सामानको नाम भन्नुहोस् ?<br>३. कक्षाकोठा सफा गर्न लगाएर अवलोकन गर्ने<br>४. आफ्नो कोठा, घर सफ ागर्न के के सामान प्रयोग गर्नुहुन्छ ?<br>५. घरबाट निस्केका फोहोर कहाँ फाल्नुहुन्छ ? |

| | | | | |
|---|---|---|---|---|
| ६. विपद, वातावरण, दिगो विकास र हरित विद्यालय | आफू बसेको ठाउँको हावापानीको परिचय | १. आफु बसेको ठाउँको हावापानीको परिचय<br>२. मौसम अनुसार तापक्रम तथा हावापानीको परिचय | १. आजको मौसम कस्तो छ भनेर प्रश्न सोधी अवलोकन तथा छलफल गराउने<br>२. घाम लागेको, बादल लागेको, पानी परेको  चित्र छलफल गराउने, लेखाउने<br>३. मसौम सम्वन्धी गीत गाउन लगाउने<br>४. जाडो, गर्मी, वर्षातको चित्र छलफल गराउने<br>५. हावापानीको अवस्था वारेमा परियोजना कार्य गर्न लगाउने, अवलोकन गर्ने । | १. आजको दिन कस्तो छ हेरेर भन्नुहोस् ।<br>२. पाठमा दिइएका चित्रहरु कुन कुन अवस्थाका हुन् लेख्नुहोस् ।<br>जाडो मौसममा तराईमा के हुन्छ ?जाडोमा बिहान बनेपा कस्तो हुन्छ ?चर्को धाम लाग्दा के हुन्छ ?हावाहुरी चल्दा के हुन्छ ?<br>३. धेरै पानी पर्दा के के हुन्छ ? |

**कक्षा २**

| क्षेत्र/एकाइ | विषयवस्तु | विषयवस्तुको विस्तृतिकरण | **शिक्षण सिकाइ कियाकलाप** | **मूल्याङ्कन प्रश्न** |
|---|---|---|---|---|
| बनेपा नगरपालिका परिचय | बनेपाको नक्सामा वडाहरुका साँध सिमाना परिचय तथा नक्सामा वडा नम्वर भर्ने अभ्यास | • वडाहरुका साँध सिमानाको परिचय<br>• बनेपा नगरपालिकाको नक्सामा वडा नम्वर भर्ने अभ्यास | • आफू बसेको वडा संख्या र वडाको परिचय दिन लगाउने<br>• आफू बसेको वडा कार्यालयको परिचय दिन चित्र सहित छलफल गर्न लगाउने<br>• आफनो घरबाट वडा कार्यालय कता पर्छ सो वारेमा छलफल गर्न लगाउने | • तपाई घर कति नम्वर वडामा पर्छ ?<br>• तपाई वसेको वडाको छिमेकी वडाको नम्वर कति हो ?<br>• तपाईको वडा कार्यालय कुन ठाउँमा पर्दछ ? |
| प्राकृतिक स्रोत र सम्पदा | आफू वसेको वडामा रहेको प्राकृतिक स्रोतको परिचय, प्रकार तथा सम्पदाको परिचय | आफू वसेको वडामा रहेको प्राकृतिकहरु श्रोतको परिचय तथा प्रकार तथा<br>आफू वसेको वडामा रहेका सम्पदाको परिचय तथा महत्व | • विभिन्न प्रकारका प्राकृतिक स्रोतहरुको चित्र देखाउदै वडाका प्राकृतिक स्रोतहरुको परिचय गराउने<br>• आफू बसेको जमिनको चित्र देखाउदै जमिन प्राकृतिक साधनको परिचय गराउने<br>• वडाको वनजङ्गलको भिडियो वा कथा कक्षा प्रस्तुत गरी बन प्राकृतिक स्रोत परिचय गराउने<br>• वडाको ढुङ्गेधारा र पोखरीको वारेमा छलफल गराउन चित्र व्याख्या गराउने | १. प्राकृति स्रोत भनेको हो ?<br>२ . तपाईको वडामा रहेका प्राकृतिक स्रोतहरुको वर्गीकरण गर्नुहोस् ।<br>३. तपाई वसेको वडामा रहेका खोला तथा पोखरीको नाम लेख्नुहोस् ।<br>४. सम्पदा भनेको के हो ?<br>५. तपाईको वडामा रहेका सम्पदाको नाम लेख्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | • वडाको सम्पदाहरुको चित्र प्रस्तुत गरी सम्पदाको परिचय तथा महत्व वारेमा छलफल गराउने | |
| संस्कार र संस्कृति | वडागत चाड पर्व तथा जात्राहरुको परिचय तथा महत्व | • वडागत चाड पर्वको परिचय र महत्व<br>• वडागत जात्राहरुको परिचय र महत्व | • चण्डेश्वरी जात्राको चित्र कक्षामा प्रस्तुत गरी छलफल गर्न लगाउने<br>• करुणामय जात्राको परिचय तथा मनाउने तरिकाबारेमा छलफल गर्न लगाउने<br>• विस्केट जात्राको परिचय तथा महत्व वारेमा छलफल गराउने<br>• स्थानीय बाजाहरुको चित्रहरु प्रस्तुत गरी बाजाको परिचय तथा महत्व वारेमा छलफल गर्न लगाउने । | १. चण्डेश्वरी जात्राको वारे लेख्नुहोस् ।<br>२. करुणामय जात्राको छोटो परिचय गराउनुहोस् ।<br>३. विस्केट जात्राको महत्व वारेमा लेख्नुहोस् ।<br>४. स्थानीय वाजा भनेको के हो ? |

| | | | | |
|---|---|---|---|---|
| स्थानीय पेसा उद्यशीलता र प्रविधि | स्थानीय पेसाको परिचय तथा महत्व बताउन | स्थानीय पेसाको परिचय तथा महत्व | • पेसा व्यवसाय गरिहेका चित्रहरु कक्षामा प्रस्तुत गरी मेरो परिवारको पेसाका वारेमा छलफल गर्न लगाउने<br>• आफ्नो घर वा टोलमा अवलम्वन गरेको पेसाको चित्र प्रस्तुत गरी पेसा संचालनको प्रक्रिया वारेमा छलफल गर्न लगाउने<br>• खुद्रा पसल तथा होलसेल पसल संचालन वारेमा छलफल गरी व्यापारको परिचय तथा महत्वका वारे छलफल गर्न लगाउने<br>• आफ्नो टोल वा घर नजिकका स्थानीय उद्योगको परिचय तथा महत्वका वारेमा छलफल गर्न लगाउने | १. परिवारका सदस्यले गर्दै गरेको पेसाको नाम लेख्नुहोस् ।<br>२. कपडाको पसललाई कस्तो पसल भनिन्छ ?<br>३. तपाईको टोलमा संचालन भएको स्थानीय उद्योगको नाम लेख्नुहोस् ।<br>४. स्थानीय उद्योग किन आवश्यक छ ? |
| स्वास्थ्य, सरसफाइ र खेलकुद | विद्यालय तथा सार्वजनिक स्थलको सरसफाइ गर्ने तरिका र अभ्यास गराउन | • विद्यालय तथा सार्वजनिक स्थलको सरसफाइ परिचय<br>• विद्यालय तथा सार्वजनिक स्थलको सरसफाइ गर्ने तरिका र अभ्यास | • विद्यालयको सरसफाइमा सहभागी गराइ सरसफाइका तरिका तथा अभ्यास गर्न लगाउने<br>• शौचालयको प्रयोग तथा सरसफाइका वारेमा कक्षा छलफल गर्न लगाउने | १. सार्वजनिक स्थलको सरसफाइ भनेको के हो ?<br>२. सार्वजनिक स्थलको सरसफाइ गर्ने तरिकाका वारेमा लेख्नुहोस् ।<br>३. कक्षा सरसफाइको तालिका बनाइ नियमित कक्षा सफाइमा सहभागी हुनु होस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | ● हाम्रो सार्वजनिक स्थलको सरसफाइका तरिकावारे छलफल गर्न लगाउने | |
| विपद्, वातावरण, दीगो विकास रहरित विद्यालय | आफू वसेको स्थानको हावापानीको परिचय तथा विशेषता करेसावारीको परिचय, आवश्यकता र महत्व | ● आफू वसेको स्थानको हावापानीको परिचय तथा विशेषता<br>● करेसावारीको परिचय, आवश्यकता र महत्व | ● बनेपाको हावापानीको विशेषताका वारेमा चित्र सहित छलफल गराउने<br>● करेसाबारीको परिचयका वारेमा छलफल गर्न विद्यालय वा नजिकको करेसावारीको अभ्यासका लागि प्रयोगात्मक क्रियाकलाप गराउने<br>● करेसाबारीको महत्त्वको वारेमा कक्षामा कथा सुनाउने र छलफल गर्ने गराउने | १.हावापानी भनेको हो ?<br>२. बनेपाको हावापानीका विशेषताहरु उल्लेख गर्नुहोस् ।<br>३. करेसावारी भनेको के हो ?<br>४. करेसावारीको महत्वका वारेमा लेख्नुहोस् । |

कक्षा ३

| क्षेत्र/एकाइ | विषयवस्तु | विषयवस्तुको विस्तृतिकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्यांकन प्रश्न |
|---|---|---|---|---|
| बनेपा नगरपालिका परिचय | बनेपाको नक्सा कोर्न तथा वडाका भौगोलिक विशेषताहरु | • बनेपाको नक्सामा वडा नं. १ देखि १४ सम्म संख्या भर्न<br>• बनेपाको नक्सामा सवै वडा समेटिएको नक्सा कोर्ने अभ्यास<br>• वडाका भौगोलिक विशेषताहरु<br>• वडाहरुको मूख्य मूख्य भौगोलिक विशेषताहरु | • नेपालको नक्सामा काभ्रे जिल्ला पहिचान गरी रङ भर्न लगाउने<br>• काभ्रे जिल्लाको नक्सामा सबै पालिकाहरु खोजी गरी रङ लगाउने<br>• बनेपाको नक्सामा वडानं. १ देखि १४ सम्म संख्या भर्न लगाउने<br>• बनेपाको नक्सा कोर्ने अभ्यास गर्न लगाउने<br>• आफू बसेको वडाहरुका मुख्य भौगोलिक विशेषताहरु चार्टपेपरमा लेखी कक्षामा प्रस्तुत गर्न लगाउने<br>• अन्य वडाहरुको मुख्य विशेषताहरु चार्टपेपरमा लेखी कक्षामा प्रस्तुत गर्न लगाउने<br>• समुदायमा आफू वसेको वडाको भौगोलिक विशेषताहरु खोजी गर्न परियोजना कार्य गर्न लगाउने । | तपाईको जिल्लामा कति ओटा स्थानीय तह छन् ?<br>बनेपा नगरको नक्साको आकार कस्तो छ ?<br>तपाई बसेको वडाको हावापानी कस्तो छ ?<br>१. बनेपाको नक्सा बनाउदा छिमेकी पालिकाहरु कुन कुन हुन् नाम लेख्नु होस् ।<br>२. बनेपा नगरपालिकाको आकार कस्तो छ ?<br>३. बनेपा नगरपीलिकाका भौगोलिक ४ ओटा विशेषताहरु उल्लेख गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| प्राकृतिक स्रोत र सम्पदा | वन, जल श्रोतको परिचय तथा महत्व | • वनको परिचय तथा महत्व<br>• आफू बसेको वडाको वनको प्रकार र वडाको वन संरक्षणमा आफ्नो भूमिका<br>• जल श्रोतको परिचय तथा महत्व<br>• आफू बसेको वडाको जल स्रोतको प्रकार र आफ्नो वडाको जल स्रोतको संरक्षण्को अवस्था | • विभिन्न बनेपाका वनहरुको चित्र कक्षामा प्रस्तुत गरी वनको परिचय दिने<br>• समुदाय वा विद्यालय नजिकको वनले मानवको जीवनमा पुर्‍याएको योगदान वारेमा वन संरक्षणमा लागेका व्यक्तिको विचार कक्षामा प्रस्तुत गर्न लगाउने<br>• वडागत जल स्रोतको अडियो भिडियो बनाइ कक्षामा प्रस्तुत गरी जल श्रोतको परिचय तथा महत्व दिन लगाउने<br>• वन तथा जल स्रोतको अन्तरसम्वन्ध वारेमा कक्षा वादविवाद गर्न लगाउने<br>• जल श्रोत तथा वनको सरक्षणमा समुदायको योगदानको वारेमा पुस्तकालयबाट खोजी | १. वन भनेको के हो ? यसको संरक्षण किन आवश्यक छ ?<br>२. वन तथा जल स्रोतको महत्व वारेमा साथीलाई चिठी लेख्नुहोस् ।<br>३. तपाई बसेको वडाको वन तथा जल स्रोतको संरक्षणको अवस्था के छ ? आफ्नो विचार व्यक्त गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | गरी बुँदा टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने । | |
| संस्कार र संस्कृति | • आफू बसेको समुदायका लोक वाजाहरुको परिचय<br>• लोक वाजाहरुको बर्गिकरण तथा महत्व | • आफू बसेको वडाको लोक वाजाहरुको परिचय तथा पहिचान<br>• आफू बसेको वडाको लोक बाजाहरुको तरिका<br>• आफू बसेको समुदायको लोक वाजाहरुको परिचय<br>• लोक बाजाहरुको बर्गीकरण<br>• लोक वाजाहरुको महत्व | • आफू बसेको वडाको लोक बाजाको परिचय दिन विभिन्न चित्र प्रदर्शन गरी सम्पदा अवधारणा स्पष्ट गर्न लगाउने<br>• आफू बसेको वडाको वडागत बाजाहरुको सूची तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>• स्थानीय लोक बाजाहरुको बर्गीकरण गरी यसको महत्व वारे कक्षामा छलफल गर्न लगाउने<br>• स्थानीय लोक बाजाहरु संरक्षण तरिकाको वारेमा भिडियो प्रस्तुत गर्न लगाउने | १. लोक बाजा भनेको के हो ?<br>२. लोक वाजा संरक्षणको उपायहरु लेख्नुहोस् ।<br>३. लोक बाजाले हाम्रो संस्कृति कसरी जोगाउँछ ? |
| स्थानीय पेसा उद्यशीलता र प्रविधि | • स्थानीय उधमशीलताको परिचय ,महत्व | • स्थानीय उद्यमशीलताको परिचय<br>• स्थानीय उद्यमशीलताको महत्व<br>• स्थानीय प्रविधिको( जाँतो,ढिकी,कोल) परिचय | • स्थानीय उद्यमशीलताका चित्र प्रस्तुत गरी उद्यमशीलताको परिचय दिन लगाउने | १. उद्यमशीलता भनेको के हो ?<br>२. स्थानीय स्तरमा संचालित उद्यमशीलताहरुको नाम लेख्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | • स्थानीय प्रविधिको( जाँतो,ढिकी,कोल) परिचय तथा महत्व | • स्थानीय प्रविधिको महत्व | • उद्यमशीलताको महत्वबारे स्थानीय उद्यमीको अनुभव कक्षामा प्रस्तुत गर्न लगाउने<br>• जाँतो,ढिकी,कोल जस्ता परम्परागत प्रविधिका वारेमा छलफल गर्न लगाउने<br>• स्थानीय तहमा प्रयोगमा रहेका परम्परागत प्रविधिहरुको अवस्थाका वारेमा परियोजना कार्य गर्न लगाउने | ३.तपाई बसेको ठाउँ वरपर पाउने परम्परागत प्रविधिहरुको सूची बनाउनुहोस् । |
| स्वास्थ्य, सरसफाइ र खेलकुद | व्यक्तिगत तथा विद्यालयमा स्वास्थ्य, सरसफाइ सामग्रीहरूको परिचय, प्रयोग, महत्व, संरक्षण | • व्यक्तिगत सरसफाइको परिचय तथा महत्व<br>• विद्यालयमा स्वास्थ्य, सरसफाइको परिचय तथा महत्व<br>• व्यक्तिगत तथा विद्यालयमा स्वास्थ्य, सरसफाइ सामग्रीहरूको परिचय, प्रयोग,संरक्षण | • व्यक्तिगत सरसफाइका चित्र व्याख्या गर्न लगाउने<br>• व्यक्तिगत सरसफाइको अभ्यास कार्य गर्न लगाउने<br>• व्यक्तिगत सरसफाइको महत्व बारेमा छलफल गर्न लगाउने<br>• विद्यालय सरसफाइको परिचयका भिडियो प्रस्तुतीकरण | १. व्यक्तिगत सरसफाइ भनेको के हो ?<br>२. व्यक्तिगत सरसफाइको महत्व बुदाँगत रुपमा प्रस्तुत गर्नुहोस् ।<br>३. विद्यालयको सरफाइ गर्नाले हुने फाइदा उल्लेख गर्नुहोस् ।<br>४. विद्यालय सरफाइका लागि आवश्यक सामग्रीहरुको सूची बनाउनुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | • कक्षा कोठा, विद्यालय हाताको सरसफाइ आलो पालो गर्न लगाउने<br>• व्यक्तिगत सरसफाइ तथा स्वास्थ्यको महत्व र अन्तर सम्वन्ध<br>• विद्यालय तथा व्यक्तिगत सरसफाइका सामग्री परिचय<br>• विद्यालय तथा व्यक्तिगत सरसफाइका सामग्रीका महत्व तथा संरक्षणको तरिका वारेमा छलफल गर्न लगाउने । | |
| विपद्, वातावरण, दिगो विकास र हरित विद्यालय | विपदक्ो परिचय र वातावरणको परिचय | • विपदक्ो परिचय तथा प्रकार<br>• विपद् व्यवस्थापनका उपायहरु<br>• हाम्रो वातावरणको परिचय<br>• हाम्रो वातावरणको महत्व र संरक्षण | • विपद्सम्बन्धी विभिन्न भिडियो चित्र तथा पोष्टर कक्षामा प्रस्तुत गरी विपद्को परिचय तथा महत्वका वारेमा छलफल गर्न लगाउने | १. विपद् भनेको  के हो ?<br>२. विपद् व्यवस्थापनका उपायहरु लेख्नुहोस् ।<br>३. वातावरण कसरी गर्न सकिन्छ ? |

| | | | | |
|---|---|---|---|---|
| | | | • विपद् व्यवस्थापनका उपायहरुका वारेमा छलफल गर्न वा नमूना प्रर्दशनको अभ्यास गर्न लगाउने<br>• वातावरण सम्वन्धी भिडियो चित्र कक्षामा प्रस्तुत गरी  छलफल गर्न लगाउने<br>• विभिन्न वडाहरुको वातावरणीय अवस्थामा झल्किने चित्र वा भिडियो मार्फत वातावरणको महत्व प्रष्ट पार्ने | |

**६.शिक्षण विधि र प्रक्रिया**

शिक्षकले स्थानीय परिवेश तथा सन्दर्भलाई प्राथमिकता दिइ शिक्षणसिकाइ कियाकलाप संचालन गर्नेछ । विद्यार्थी केन्द्रीत शिक्षण विधिहरु जस्तै खोज विधि, छलफल विधि, प्रयोगात्मक विधि, प्रदर्शन विधि, भ्रमण तथा अनुभव आदान प्रदानमा प्राथमिकता दिनु पर्नेछ । विद्यार्थीलाई स्थानीय परिवेश, संस्कार, संस्कृति , वातावरण, प्रविधि तथा स्थानीय विकासको  प्रत्यक्ष अनुभव हासिल हुने गरी  शिक्षण सिकाइ कियाकलाप संचालन गर्नु पर्छ । परियोजना कार्य, भ्रमण तथा अवलोकन कार्यको कार्यले प्रत्यक्ष अनुभव हासिल गर्न सहयोग पुग्ने भएकाले शिक्षकले परियोजना कार्य तथा अवलोकनको योजना बनाइ कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ । विद्यालयले स्थानीय विषयवस्तुहरुको शिक्षण गर्न स्थानीय विज्ञ तथा जानकार व्यक्तिलाई कक्षामा आमन्त्रण गर्न सकिने छ । सिकेका कुराको प्रयोग गर्न परियोजना कार्य, समूह कार्य  तथा अभिनयको कार्यलाई समेत शिक्षण सिकाइ विधिमा प्रयोग गर्न सकिने छ ।  स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघन्टा अर्थात् वार्षिक १६० कार्यघन्टा  छुट्याइएको छ । शिक्षण सिकाइको भाषा मातृभाषा वा नेपाली भाषा हुनेछ ।

७. **मूल्याङ्कन विधि**

स्थानीय पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धीहरुको आधारमा विद्यार्थी मूल्याङ्कन गरिनेछ । कक्षा १–३ को विद्यार्थी मूल्याङ्कन शत प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अवलम्वन गरिनेछ। शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन का लागि अभिलेख तयार गर्नु पर्नेछ। पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरु मापन गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापसँगसँगै दैनिक रुपमा कक्षा १–३ को राष्ट्रिय पाठ्यक्रमले तोकेको ढाँचा प्रयोग गरी विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

८. **पाठ्यक्रम कार्यान्वयन अवधि**

हाम्रो बनेपा हाम्रो गौरब स्थानीय पाठ्यक्रम कक्षा (१–३) ,२०७७ को कार्यान्वयन निम्नानुसार गरिनेछ ।

| कार्यान्वयन शैक्षिक सत्र | कक्षा | | |
|---|---|---|---|
| | १ | २ | ३ |
| २०७७ | □ | – | – |
| २०७८ | – | □ | – |
| २०७९ | – | – | □ |